श्रीन अध्यक्ष ज्यू

गैर आवाशीय नेपाली संघ

अन्तर्राष्ट्रिय समन्वय परिषद

बिषयः जानकारी एवं नयाँ वर्ष २०१७ को शुभकामना।

महोदय,

उपरोक्त सम्बन्धमा, यस नेपाल लाईब्रेरी फाउण्डेशन र गैर आवाशीय नेपाली संघको बिच बिगत देखि हाल सम्म पारस्परिक सम्बन्ध, समन्वय, सहकार्य र हातेमालोको सन्दर्भमा प्रष्ट पारिनु आवश्यक भएको महसुस गरि यो पत्र लेख्दै छु।

नेपाल लाईब्रेरी फाउण्डेशन सर्बप्रथम क्यानडाको भ्यानकुवरमा २००५ मा आदरणीय नरेश कोईरालाज्यूको सकृय पहलमा स्थापना भएको गैरनाफामूलक संस्था हो। सो संस्था २००७ मा जीबा लामिछानेज्यूको पहलमा गैर आवाशीय नेपाली संघमा नेपालमा पुस्तकालयको क्षेत्रमा काम गर्नेगरि एडप्ट भएको हो। २००८ मा यस संस्थाको नेपालमा सम्पर्क कार्यालय स्थापना भयो। २०१३ मा काठमाण्डौ जिल्ला प्रशासन कार्यालयबाट नेपाल लाईब्रेरी फाउण्डेशन नेपाल नामले क्यानडाको भगिनी संस्थाकोरूपमा दर्ता भयो। गैर आवाशीय नेपाली संघले बिभिन्न टास्क बनाउँदा पब्लिक पुस्तकालयको पनि टास्क बनाएको र सो टास्कको संयोजक नरेश काईरालालाई तोकेको, उहाँले टास्कलाई गतिशिल बनाउनकानिम्ति बिभिन्न देशमा सकृयतापूर्बक काम गरिरहेका एन.र.एन.हरूलाई समाबेस गरि हाल टास्क बिस्तार गर्नु भएको छ। र यो टास्कले नेपाल लाईब्रेरी फाउण्डेशनसंग सहकार्य गरेर नेपालमा पुस्तकालयको स्थापना, बिस्तार, प्रबर्धन, तालिम, अनुगमनका कामलाई तीब्र बनाईरहेको कुरा जानकारी गराउन चाहान्छु।

हाल संसारभरका एन.र.एन.हरू आफूले पढेको बिध्यालयमा पुस्तकालय स्थापना गर्न जोडबलले लागिपरेका छन्। उहाँहरू एन.र.एन को टास्क मार्फत नेपाल लाईब्रेरी फाउण्डेशनमा सम्पर्क गरि आ-आफ्नो क्षेत्रमा पुस्तकालय स्थापना गर्न गराउन तत्पर भईरहेका छन्। सम्पर्कमा आएका छन्। र, नेपाल लाईब्रेरी फाउण्डेशनले संस्थागतरुपमा एन.र.एन को टास्कसंगकै सहकार्यमा ब्यापकरूपमा पुस्तकालय बिस्तार गरिरहेका छन्।

यसरी स्थापना भएका पुस्तकालयहरूको उदघाटन गराई खुल्ला गर्न र प्रयोगमा ल्याउन गैर आवाशीय नेपालीसंघका पदाधिकारी, सदस्यहरूको प्रत्यक्ष संलग्नतामा स्थापित पुस्तकालयहरूको गतबिगतका दिनहरूमा आदरणीय अध्यक्ष शेष घलेज्यू, पुर्ब अध्यक्ष जीबा लामिछानेज्यू लगायत कुमार पन्त, नरेश कोईराला, सोम सापकोटा म कपिल देव थापा आदिले पुस्तकालय उदघाटन गरि सक्नु भएको छ। एन. आर.एन.ए. कै टास्क भएकोले यसरी उदघाटन भएका हुन भन्ने कुरा अबगत गराउँदछु। हामीहरूकै संलग्नतामा हाल सम्म

एन.र.एन को टास्क र नेपाल लाईब्रेरी फाउण्डेशनले पुस्तकालय स्थापनामा सहयोग पुर्याएको बिबरण निम्नानुसार छन्।

1. Total Project List

| SN. | Name of Organizations | Address | Name of Projects | Donors Supporters | Districts |
|---|---|---|---|---|---|
| 1. | Tikapur Library | kailali | Books, Computers | | Kailali |
| 2. | Magdi Community Library | Beni Bazar | Books, Computer lab | | Magdi |
| 3. | ArunJuoti Primary School | Pokhara, Begnastal | Books | | Kaski |
| 4. | Prabhat Secondary School | Gorkha,Dhawa | Books | | Gorkha |
| 5. | JanakalyanH.S.School | Chabahil.Kathmandu | Computer Lab | | Kathmandu |
| 6. | GuheswariH.S.School | Sinamangal | ,, | | Kathmandu |
| 7. | Gandhi AadarshH.S.School | Gothatar | ,, | | Kathmandu |
| 8. | KanyaMandirH.S.School | Ekhapokhari | ,, | | Kathmandu |
| 9. | NilbrahiH.School | Kalimati | ,, | | Kathmandu |
| 10. | Gita Mata H.S.school | Bijrswari | ,, | | Kathmandu |
| 11. | RatnaRajyaH.S.School | Baneswar | ,, | | Kathmandu |
| 12. | JanabikashH.School | Balkhu | ,, | | Kathmandu |
| 13. | Nandiratri School | Naxal | ,, | | Kathmandu |
| 14. | Prakash Community Library | Dhulikhel - 8,Shrikhandapur | Manual Library | | Kavre |
| 15. | Moti Community Library | Phalebas, Parbat | Manual, e-Library | | Parbat |
| 16. | Tribhuwan Secondary School | Ghanapokhara, Lamjung | Books Support | | Lamjung |
| 17. | Sarswati Model Higher S.School | Janakpurdham, Dhanusa | e-Education Program (OLPC) | | Dhanusha |
| 18. | Kathmandu ValleyPublic Library samaj | Bhrikutimandap | e-Library ,Books | | Kathmandu |
| 19 | Ranapal Lower Secondary School | Dangihat-3 Morang | Manual Library | | Morang |
| 20 | Bhupu Sainik Boarding School | Lamjung , Besisahar | Books Support | | Lamjung |
| 21. | Ratobangala School | Simikot, Humal | ,, | | Humla |
| 22. | Bhairabi Higher Secondary School | Ashok Batika-2 Nuwakot | Training, e-Library | | Nuwakot |
| 23. | ………… Biddashram | Chitawan | | | Chitawan |

| | | | | | |
|---|---|---|---|---|---|
| 24. | Annapurna Secondary School | Manang Gaun , Manang | Books | | Manang |
| 25. | OLE Nepal | Sanepa , kathmandu | e- Library Content development | | Lalitpur |
| 26. | Karlim Lower secondary School | Binhukot-9,karlim Baglung | e- library | | Baglung |
| 27. | Shuklaphanta Community Library and Museum | Mahendranagar, Kanchanpur | Library management training | | Kanchanpur |
| 28. | District Children welfare Committee | Damauli Bazar, Tanahun | e- Library | | Tanahun |
| 29. | Biswamitra Community Library | Lamatar-3, Lalitpur | Manual Library | | Lalitpur |
| 30. | Kalika Primary School | Phalebas, Parbat | Manual Library | | Parbat |
| 31. | Arya Tara School | Bhanjyang | Manual Library | NLF | Kathmandu |
| 32. | Subudhi Mahanand Academic Library | Simara-3 | e-Library | NLF | Sarlahi |
| 33. | Shree Laxmi Higher Secondary School | Bharatpur-6 | e-Library | NRNA | Chitwan |
| 34. | Shree Janjagriti Higher Secondary School | Kandebas | e-Library | NRNA | Baglung |
| 35. | Shree Jutpani Lower Secondary School | Jutpani | e-Library | NRNA | Chitwan |
| 36. | Shree Junior Polish Officer Training Center | Bharatpur | e-Library | NLF | Chitwan |
| 37. | Shree Sangam Community Library | Gaighat | WCLC | NLF/Trans | Udayapur |
| 38. | Shree Kundule Higher Secondary School | Kundule | e-Library | Kundule Society japan | Baglung |
| 39. | Bidhyamandir Library | Baglung Bazar | e-Library | Somnath Sapkota | Baglung |
| 40. | Shree Bhimsen Higher Secondary School | Bihun-1 | e-Library | e-library Supporter Group Japan | Baglung |
| 41. | Shree Lekhani Higher Secondary School | Lekhani | e-Library | e-library Supporter Group Japan | Baglung |
| 42. | Shree Amar Higher Secondary School | Bihun-6 | e-Library | e-library Supporter Group Japan | Baglung |
| 43. | Shree Shiva Higher Secondary School | Kandebas | e-Library | Gobind Kandel, UK | Baglung |
| 44. | Shree Bhanu Higher Secondary School | Gyalichaour | e-Library | USA | Baglung |
| 45. | Shree BP Primary School | Pakhardobhan | TLC | | Sindhupalchok |

| | | | | | |
|---|---|---|---|---|---|
| 46. | Shree Singh Devi Primary School | Bhumlutar | TLC | | Kavrepalanchok |
| 47. | New Horizon Community library | Chitlang | TLC | | Makavanpu |
| 48. | Shree Adarsh Bal Higher Secondary School | Sundar Bazar | e-Library | Mohan Mishra | Lamjung |
| 49. | Sangam Community Library | Gaighat Bazar | e-Library | NRNA UK | Udayapur |
| 50. | Shree Paradise Secondary School | Gaighat Bazar | e-Library | e-library Supporter Group Japan | Udayapur |
| 51. | Shree Load Buddha Gyanjyoti Boardind English School | Tilotama-18 | e-Library | e-library Supporter Group Japan | Rupandehi |
| 52. | Shree Birendra Higher Secondary School | Chandragadi | e-Library | Ex Student group | Jhapa |
| 53. | Shree Mahendrs Secondary School | Chandragadi | e-Library | Dipak Sapkota Denmark | Jhapa |
| 54. | Rameswar Library | Kshetrapur | e-Library | Nepal Journey | Chitwan |
| 55. | Shree Janpriya Higher Secondary School | Damek | e-Library | e-library Supporter Group Japan | Baglung |
| 56. | Shree Birendra Higher Secondary School | Birendranagar | e-Library | Gangaram Kandel, Ayarland | Chitwan |
| 57. | Shree Laxmi Higher Secondary School | Dhamja | e-Library | e-library Supporter Group Japan | Baglung |
| 58. | Shree Shanti Higher Secondary School | Kushmisera | E-Library | e-library Supporter Group Japan | Baglung |
| 59 | Barghare Ma.Bi. | Barghare | E-Library | NLF | Chitwan |
| 60 | Bhanu HSS | Bandipur | E-Library | Buddi Sapkota Denmark | Tanahun |

## 2. District wise

| SN. | Districts | Manual Library | | e-Library | | | WCLP | Lab | TLC | Ole | OLPC | Training | Tota |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | School | Comm unity | School | Comm unity | HMG | | | | | | | |
| 1. | KTM | 1 | 1 | - | 1 | - | - | 9 | | - | - | - | 12 |
| 2. | Sarlahi | - | 1 | - | 1 | - | - | - | | - | - | - | 2 |
| 3. | Lalitpur | - | 1 | | | | | - | | 1 | - | - | 2 |
| 4. | Chitwan | - | - | 4 | 1 | 1 | - | - | | - | - | - | 6 |
| 5. | Baglung | - | - | 11 | 1 | - | - | - | | - | - | - | 12 |
| 6. | Udayapur | - | - | 1 | 1 | - | 1 | - | | - | - | - | 3 |
| 7. | Tanahun | - | - | 1 | - | 1 | - | - | | - | - | - | 2 |
| 8. | Sindhupalchok | - | - | - | - | - | - | - | 1 | - | - | - | 1 |
| 9. | Nuwakot | - | - | 1 | - | - | - | - | - | - | - | 1 | 2 |
| 10. | Kavre | - | 1 | - | - | - | - | - | 1 | - | - | - | 2 |
| 11. | Makabanpur | - | - | - | - | - | - | - | 1 | - | - | - | 1 |
| 12. | Lamjung | 2 | - | 1 | - | - | - | - | - | - | - | - | 3 |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 13. | Rupandehi | - | - | 1 | - | - | - | - | - | - | - | - | 1 |
| 14. | Jhapa | - | - | 2 | - | - | - | - | - | - | - | - | 2 |
| 15. | Kailali | - | 1 | - | - | - | - | - | - | - | - | - | 1 |
| 16. | Magdi | - | 1 | - | - | - | - | - | - | - | - | - | 1 |
| 17. | Kaski | 1 | - | - | - | - | - | - | - | - | - | - | 1 |
| 18. | Gorkha | 1 | - | - | - | - | - | - | - | - | - | - | 1 |
| 19. | Kanchanpur | - | - | - | - | - | - | - | - | - | - | 1 | 1 |
| 20. | Parbat | 1 | 1 | - | 1 | - | - | - | - | - | - | - | 3 |
| 21. | Dhanusa | - | - | - | - | - | - | - | - | - | 1 | - | 1 |
| 22. | Manang | 1 | - | - | - | - | - | - | - | - | - | - | 1 |
| 23. | Morang | 1 | - | - | - | - | - | - | - | - | - | - | 1 |
| 24. | Humla | 1 | - | - | - | - | - | - | - | - | - | - | 1 |
| Total | | 9 | 7 | 24 | 6 | 2 | 1 | 9 | 3 | 1 | 1 | 2 | 66 |

Total Achievement

1. District 24
2. Organizations 60
3. Manual Library School -9
4. Manual Library Community -7
5. E-Library School -25
6. E-Library Community -6
7. E-Library HMG -1
8. WCLP- 1
9. Lab -9
10. TLC- 3
11. Content Development-1
12. OLPC -1
13. Training - 2

**Total Project -6५**

नेपाल लाईब्रेरी फाउण्डेशनले ई-पुस्तकालय स्थापना गर्दा नेपाल लाईब्रेरी फाउण्डेशनमा Overhead Cost नराखि काम गरि रहेको छ, नेपाल कार्यालय, स्टाफ ब्यबस्थापनमा क्यानडाले हाल सम्म ब्यहोरी रहेको स्थिति छ। ई-पुस्तकालयको सवालमा यस नेपाल लाईब्रेरी फाउण्डेशन कयानडाले नेपाल स्थित साझा शिक्षा ई-पाटी नेपालसंग सहकार्य गरिआएको, ई-पुस्तकालयको सफ्टवेयर निर्माण गर्न ६० हजार भन्दा बढि यु.एस. डलर आर्थिक लगानी गरेको, यसरी तयार भएको ई-पुस्तकालयको सफ्टवेयर हाल सबैतिर पुर्याईरहेका छौं। र, सो सफ्टवेयरको अनरसिप यी दुईसंस्थामा रहेको छ। ई-पुस्तकालयको अपडेटका कुरा, तालिमका कुरा सोहि संस्थाले गरिरहेको र सो संस्थाले ई-पुस्तकालय ईन्स्टल गर्ने डिभाईस् पनि तोक्ने गर्दछ र ईन्स्टल गरि हाम्रो संस्थालाई उपलब्ध गराउदछ। सो सफ्टवेयरलाई सम्बन्धित स्थानमा लाने, जडान गरि दिने, तालिम दिने काम नेपाल लाईब्रेरी फाउण्डेशनले गर्दछ।

केहि समय अघि हामीले सपोर्टरसंग रू. ६५,०००|- लिई काम गरिआएका थियौं जुन बेला, डिभाईसको बजार मूल्य २६,०००|- पर्दथ्यो। प्राबिधिक ब्यबस्थापन, तालिम, फिल्ड भ्रमण, साजसजावट सामग्री समेतगरि ६५ हजार लिईएको थियो, केहि समय पछि साझा शिक्षा ई-पाटीले OptiPlex नामक डिभाईस तोक्यो जसको बजाल मूल्य ४१ हजार भ्याटसहित पर्न आयो, यसैलाई समायोजन गरेर हाल ७५ हजारमा ई-पुस्तकालय स्थापना गराउने नीति पास गरि कार्यान्वयनमा ल्याईएको छ। यस नीतिलाई नेपाल लाईब्रेरी फाउण्डेशनका संस्थापक अध्यक्ष एबँ टास्क संयोजक नरेश कोईराला समेतको लामो छलफल सम्बाद र वास्तविकताको अध्ययनको बाबजुद रू. ७५ हजार तोकी एकरूपताकासाथ कार्यान्वयनमा ल्याईएको ब्यहोरा जानकारीको लागि अनुरोध गर्दछु।

आदरणीय अध्यक्ष शेष घलेज्यूको पालामा नेपालमा पुस्तकालयको उभार नै आएको छ। संसारभरिबाट पुस्तकालयप्रेमी महानुभाबहरूको सहभागिता यसका स्वउदाहरण हुन्। नेपालमा अध्यक्षज्यूकै कार्यकालमा बन्न लागेको एन.आर.एन.ए.को भबनभित्र नेपाल लाईब्रेरी फाउण्डेशनको कार्यालय स्थापना गरि सो भित्र नेपालकै नमूना ई-पुस्तकालय, भौतिक पुस्तकालय, अनलाई पुस्तकालय स्थापना गराउने हाम्रो योजनालाई अध्यक्षज्यूले सकारात्मकरूपमा लिनु हुने अपेक्षा गरेको छु।

अध्यक्षज्युको कार्यकालमा नेपालमा एन.आर.एन.ए.को पब्लिक पुस्तकालय टास्कले निकै गतिशिलतापूर्बक काम गरेको पाईएको छ। संसारभरिका एन.आर.एन.हरूले हामीहरूलाईनै जस दिईराखेका छन्। नेपाल लाईब्रेरी फाउण्डेशन प्रोजेक्ट कार्यान्वयन गराउने संस्थाकोरूपमा काम गरि रहेको छ। यस संस्थामा नरेश कोईराला जस्तो आदरणीय दाई, थुप्रै शुभचिन्तक प्रवासमा बस्ने नेपालीहरूको सकृयता बढेको कारण नेपालमा पुस्तकालय स्थापना, बिस्तारले ब्यापकता पाईरहेका छन्। अध्यक्षज्यूकै कार्यकालमा हामी यस अभियानलाईलाई नेपाल अधिराज्यब्यापि बनाउन चाहान्छौं, बनाईरहेका छौं। खुलेका पुस्तकालयहरूमा एन.आर.एन.ए.को लोगो राख्न चाहान्छौं, राखोरहेका छौं। एन.आर.एन.ए. पब्लिक पुस्तकालय टास्कसंगको सल्लाह बमोजिम नै हामी अघि बढिरहेका छौं र बढ्दै जाने छौं। हामीलाई पनि गर्व छ अध्यक्षज्यू जस्तो सामाजिक, देशभक्त, नेपालकै निम्ति केहि गरौं भनि मरिमिट्ने ब्यक्तित्वसंग सहकार्य हातेमालो गरेर काम गर्न पाउँदा। नेपालमा नेपाल लाईब्रेरी फाउण्डेशन, एन.आर.एन.ए.पब्लिक पुस्तकालय टास्क फोर्स कमिटी दुबैको सामञ्जस्यतामा स्थापना हुँदै गएको पुस्तकालयहरूले अध्यक्षज्यू र एन.आर.एनहरूकै रोशनी छरिरहेको छ, अध्यक्षज्यूको बाँकी अबधिमा यस अभियानलाई अझ सशक्त ढंगले हामी अगाडि बढाउन चाहान्छौं। फेरि म, नेपाल लाईब्रेरी फाउण्डेशन नेपालको अध्यक्ष मात्र हुईनँ, एन.आर.एन.ए. आई.सि.सि.सदस्य, एन.आर.एन.ए. मानबीय कल्याणकारी सहयोग समिति एशिया प्यासिफिकको संयोजक, एन.आर.एन.ए. खुल्ला बिश्व बिध्यालय टास्को सदस्य पनि हुँ। यो नाताले म आगामी दिनमा अध्यक्षज्यू र एन.आर.एन.हरूको पुस्तकालय-प्रेम यात्रामा पछि-पछि लाग्दै नेपाललाई पुस्तकालय महासागरमा रुपान्तरण गर्न मन बचन र कर्मले अभिप्रेरित भई लागिरहेको छु र लाग्ने प्रण गर्दछु।

अंग्रेजी नयाँ बर्ष २०१७ अगमनको शुभ घडि तथा माघे सक्रान्तीको उपलक्षमा अध्यक्षज्यू तथा, सिंगो एन.आर.एन.ए.लाई हार्दिक मङगलमय शुभकामना ब्यक्त गर्दछु। यो साल र पर्वले हामी सबैमा नेपालमा पुस्तकालयको रोशनी छर्न अभिप्रेरित गरोस्, अध्यक्षज्यूको बाँकी कार्यअबधि पुस्तकालय-यात्रामय बनोस् हार्दिक शुभेच्छा प्रकट गर्दछु। धन्यवाद।

**भवदीयः**

कपिल देव थापा

अध्यक्ष, नेपाल लाईब्रेरी फाउण्डेशन नेपाल

सदस्य, एन.आर.एन.ए. आई.सि.सि.

संयोजक, एन.आर.एन.ए. मानबीय कल्याणकारी सहयोग समिति एशिया प्यासिफिक

सदस्य, एन.आर.एन.ए. खुल्ला बिश्व बिध्यालय टास्क फोर्स कमिटी